प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. ३

हेटौंडा, मकवानपुर, नेपाल


पत्र संख्या :- ०७५/०७६ मिति: २०७५/०६/०५

चलानी नं. :- ९६४

विषयः कानूनी सहजकर्ता छनोट सम्बन्धमा।

श्री जिल्ला समन्वय अधिकारीज्यू,
जिल्ला समन्वय समितिको कार्यालय,
रसुवा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, नुवाकोट, ललितपुर, धादिङ, चितवन, मकवानपुर, सिन्धुली, प्रदेश नं. ३ ।

प्रस्तुत विषयका सम्बन्धमा "प्रदेश सरकारको पहिचान,नागरिकलाई निशुल्क कानूनी सहायता अभियान" कार्यक्रम अन्तर्गत यस मन्त्रालयको आ.व.०७५/०७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस प्रदेशका सबै गाउँपालिकामा १/१ जना कानूनी सहजकर्ता छनोट र नियुक्ति गर्ने कार्यक्रम रहेको छ । "गाउँपालिकामा कानूनी सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि,२०७५" यस मन्त्रालयको website:-www.moial.p3.gov.npमा रहेको र hardcopy हुलाक मार्फत समेत पठाईदैछ।कानूनी सहजकर्ता छनोट र नियुक्तिको लागि निवेदन आव्हान गरिएको सूचना मिति २०७५/०६/०५ को कान्तिपुर दैनिकमा प्रकाशित भइसकेको र उक्त सूचनाको छाँयाकपी यसैसाथ संलग्न छ ।
तसर्थ कार्यविधि बमोजिम कानूनी सहजकर्ता छनोट गरी सहयोग गरिदिनुहुन अनुरोध छ।साथै, छनोट सम्बन्धी कार्यका लागि एकमुष्ठ रु. ४५,०००।– (अक्षरेपी पैतालिस हजार मात्र) तपसिल बमोजिमको शीर्षमा खर्च गर्ने गरी उपलब्ध गराईने व्यहोरा आदेशानुसार अनुरोध छ ।

तपसिल

| | | |
|---|---|---|
| (१) बैठक खर्च | ५ जना x ४ बैठक x रु १५००।- प्रतिव्यक्ति | =३०,०००।- |
| (२) स्टेशनरी | | =३,०००।- |
| (३) विविध (पानी, आवेदन संकलक व्यवस्थापन खर्च, बैठक खाजा खर्च) | | =१२,०००। |
| | जम्मा | ४५,०००।- |

पुनश्चः दरखास्त आवेदन सम्बन्धित गाउँपालिकामा हुने र छनौट प्रकृया सम्बन्धित समन्वय समितिको कार्यालयमा हुने हुँदा सो बमोजिम समन्वय गरिदिन हुन ।दरखास्त आवेदन फारम मन्त्रालयको वेभ साइटमा उपलब्ध छ ।

(मदन प्रसाद शिवाकोटी)
कानून अधिकृत